# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरौला,प्यूठान
लुम्बिनी प्रदेश,नेपाल

प.स.०८३ । ०८४
च.नं :

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौला, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८३-०५-०३

## व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

सूचना नं. ६/२०८३/०८४

यस ऐरावती गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण उद्योग, व्यापार, व्यवसाय, फर्म तथा सेवामूलक सङ्घ-संस्थाहरूलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४,पालिकाको आर्थिक ऐन तथा व्यवसाय दर्ता कार्यविधि अनुसार नियमानुसार दर्ता तथा नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

विगतमा दर्ता भई सञ्चालनमा रहेका तर नवीकरण गर्न बाँकी रहेका व्यवसायहरूले तत्काल तोकिएको दस्तुर र हर्जाना बुझाई नवीकरण गर्नहुन र नयाँ सञ्चालनमा आएका व्यवसायहरूले तुरुन्त दर्ता प्रक्रिया पूरा गरी कानुनी रूपमा सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र व्यवसाय दर्ता वा नवीकरण नगरेको पाइएमा कानुन बमोजिम दण्ड जरिवानाका साथै व्यवसाय बन्द समेत गर्न सकिने ब्यहोरा जानकारी गराइन्छ।

आवश्यक पर्ने कागजातहरू:

१. रीतपूर्वक भरिएको व्यवसाय दर्ता/नवीकरणको आवेदन फाराम।

२.वडा कार्यालयको सिफारीस, व्यवसाय धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो।

३. घर वा जग्गा भाडामा भए सम्झौता पत्रको प्रतिलिपि र जग्गाधनीको पूर्जाको प्रतिलिपि।

४. साझेदारी व्यवसाय भए साझेदारी सम्झौता पत्रको प्रतिलिपि

५. साविकमा दर्ता भएको भए पुरानो व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति (नवीकरणको हकमा)।

६. नियमानुसारको व्यवसाय कर/दस्तुर बुझाएको रसिद।

७.समयसिमा:२०८३ असोज मसान्त सम्म

पेश गर्ने स्थान: सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको राजस्व शाखा।

.....................................
बालगोपाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत